# निष्कासनको सामना गर्दै हुनुहुन्छ? हामी मद्दत गर्न सक्छौं।



## सबै सेवाहरू नि:शुल्क छन्

तपाईं Somerville बहालवाला हुनुहुन्छ भने, तपाईं निकायहरूबाट मद्दत प्राप्त गर्न योग्य हुन सक्नुहुनेछ। केही आम्दानी सीमाहरू र अन्य योग्यता मापदण्ड लागू हुन सक्नेछ।

**निष्कासनहरू, घर खोज्न सहायता, कानूनी सेवाहरूका लागि सन्दर्भहरू र आर्थिक सहायताको आवेदन दिन मद्‌दत सहित घरधनी/बहालवालाका समस्याहरू समाधान गर्न मद्‌दतका लागि, यसमा सम्पर्क गर्नुहोस्:**

**Somerville आवास स्थायित्व कार्यालय**
**50 Evergreen Avenue, Somerville, MA 02145**
**Francelia Lievanos 617-625-6600 एक्स्टेन्सन 2581 मा वा**

### भाडा सहायता र/वा सर्ने लागतहरूमा मद्‌दतको लागि, निम्नमा सम्पर्क गर्नुहोस्:

**Metro Housing Boston - RAFT/ERMA**
metrohousingboston.org **मा आवेदन दिनुहोस्**

**Somerville Homeless Coalition**
617-623-6111
somervillehomelesscoalition.or
g/rapid-response मा आवेदन
दिनुहोस्

**Just-A-Start**
617-494-0444
contact@justastart.org

**Community Action Agency of Somerville**
617-623-7370
Ashley Tienken, आवास वकालतको निर्देशक
.orgatienken@caasomervillema

### निष्कासनहरूमा कानूनी मद्‌दत र वकालतको लागि, निम्नमा सम्पर्क गर्नुहोस्:

**Cambridge and Somerville Legal Services**
इन्टेक लाइन, 617-603-1700

**De Novo**
617-661-1010

**Harvard Legal Aid Bureau**
617-495-4408

**Community Action Agency of Somerville**
617-623-7370
Ashley Tienken, आवास वकालतको निर्देशक
.orgatienken@caasomervillema
(गैर-अधिवक्ता वकिलहरू)

**COVID-19 Eviction Diversion Initiative**
mass.gov/CovidHousingHelp वा 2-1-1 मा फोन

*IMPORTANTE!! Por favor traduzca este documento; ENPOTAN!! Tanpri tradwi dokiman sa a; IMPORTANTE!! Por favor traduza este documento; महत्वपूर्!!*

*कृ पया यो कागजात अनुवाद गनुहोस*

# SOMERVILLE आवास स्थायित्व कार्यालय

## निष्कासनको मामिलामा बहालवालाका अधिकार र घरधनीका जिम्मेवारीहरू

("आवास स्थायित्व सूचना ऐन" Somerville अध्यादेश 2019-19, लेख XI §7-283 द्वारा आवश्यक भएको)

- जति सक्दो छिटो कानूनी मद्दत प्राप्त गर्नुहोस्।
- बहालवालाले छनोट गर्न सक्नुहुनेछ तर खाली गर्ने सूचनामा लेखिएको खारेजी मितिसम्म सर्नुपर्दैन।
- तपाईंको निष्कासनको आदेश अदालतले मात्र दिन सक्छ!
- COVID-19 का आपतकालीन संरक्षणहरूले अदालतले निष्कासनको अनुमति दिएतापनि हाल भौतिक निष्कासन प्रतिबन्ध गर्दछ। थप जानकारीका लागि पृष्ठ 4 मा हेर्नुहोस्।

## बहालवालाले निष्कासन प्रक्रियामा कहाँ मद्दत प्राप्त गर्न सक्नुहुन्छ?

- ✓ निष्कासन र सम्बन्धित समस्याहरूमा मद्दत गर्न सक्ने निकायहरूको संलग्न गरिएको सूची हेर्नुहोस्।
- ✓ **आवास स्थायित्व कार्यालय** ले बहालवालाहरूलाई अधिवक्ता वा अन्य महत्त्वपूर्ण निष्कासन संसाधनहरूमा सन्दर्भ गर्छ। **617-625-6600 एक्सटेन्सन** 2581 **मा फोन गर्नुहोस्** वाsomervillema.gov/ohs मा सिफारिस पेश गर्नुहोस्। हामी अंग्रेजी, स्पेनी, पोर्चुगाली र सोमाली भाषा बोल्छौं र अन्य भाषाहरूका लागि भाषा लाइन प्रयोग गर्नेछौं। कानूनी प्रतिनिधित्व प्राप्त गर्नका लागि लागू हुने केही आम्दानी सीमा र अन्य योग्यता आवश्यकताहरू छन्।
- ✓ COVID-19 आपतकालीनको समयमा अस्थायी आवास संरक्षण तथा निष्कासन कार्यविधिहरू लागू हुन्छन्, तर यी कुराहरू छिट्टै परिवर्तन हुन सक्छन्। Somervillema.gov/alerts मा अद्यावधिकहरूका लागि City Alerts को लागि साइन अप गर्नुहोस्। थप जानकारीका लागि Somervillema.gov/ohs मा जानुहोस् वा 617-625-6600 एक्सटेन्सन 2581 मा फोन गर्नुहोस्।
- ✓ निष्कासन प्रक्रिया बारे थप जानकारीका लागि masslegalhelp.org हेर्नुहोस् र जवाफ र अन्य फारामहरूका लागि बहालवालाले दायर गर्नुपर्ने हुन्छ।
- ✓ तपाईंले कानूनी मद्दत प्राप्त गर्न सक्नुहुन्न भने अदालतका आवश्यक फारामहरू पूरा गर्न मद्दत गर्नको लागि gbls.org/MADE हेर्नुहोस्।

- ✓ फारामहरू भर्नमा व्यक्तिगत मद्दतको लागि, Zoom मार्फत बोस्टन अदालत सेवा केन्द्रलाई सम्पर्क गर्नुहोस्: https://www.zoomgov.com/j/1615261140 मा वा 646-828-7666 मा फोन गरेर (बैठक आइडी 1615261140 प्रविष्ट गर्नुहोस्) सोमबार – शुक्रबार, 9-12। कुनै आम्दानी वा अन्य योग्यता मार्गनिर्देशन छैनन् तर केन्द्रीय अधिवक्ताले कानूनी प्रतिनिधित्व उपलब्ध गराउनुहुन्न। हाल, सेवाहरू आपतकालीन अवस्थाहरूमा र टाढा मात्र सीमित छन्। अद्यावधिक गरिएको जानकारीका लागि mass.gov/guides/housing-court-resources हेर्नुहोस्।

# निष्कासनका चरणहरू के-के हुन् र बहालवालाले तयार हुनको लागि के गर्नुपर्छ?

## खाली गर्ने सूचना

- ✓ **(धेरैजसो अवस्थाहरूमा) घरधनीले बहालवालालाई लिखित खाली गर्ने सूचना उपलब्ध गराउनुहुन्छ**
    - सूचनाको अवधि बहाल सम्झौताको प्रकार र कारणको आधारमा फरक हुनेछ। धेरैजसो अवस्थाहरूमा, यो 7, 14 वा 30 दिन वा भाडा अवधिको सूचनाको आधारमा हुनेछ।
    - बहालवालाले भाडा नतिरेकोमा 14-दिनभित्र खाली गर्ने सूचना प्राप्त गर्नुहुन्छ भने, बहालवालासँग **निश्चित समयसीमाभित्र बाँकी पैसा तिरेर निष्कासन रोक्ने अधिकार छ:**
        - (लिजमा नरहेको) इच्छा लागेको बहालवालासँग खाली गर्ने सूचना प्राप्त गरेको दश दिनभित्र बाँकी रकम पूरा भुक्तानी गर्ने 12 महिनाको समयमा एक अवसर हुन्छ।
        - लिजमा रहेको बहालवालासँग बाँकी भाडाको पूरै रकम सँगसँगै ब्याज र अदालती खर्चहरू (सामान्यतया $225 देखि $260 सम्म) भुक्तान गर्न धेरै लामो समय (जवाफको मितिसम्म) हुन्छ।
            - भाडा फिर्ता लिन मद्दतको लागि सूचीबद्ध गरिएका निकायहरूलाई तुरुन्तै सम्पर्क गर्नुहोस्।

## अदालती उजुरी

- ✓ **घरधनीले बहालवालालाई सारांश प्रक्रियाको उजुरी उपलब्ध गराउनुहुन्छ**
    - आह्वान र उजुरी चौकीदार/शेरिफद्वारा हस्तान्तरण गरिनेछ वा बहालवालाको अपार्टमेन्टमा छोडिनेछ र प्रथम श्रेणीको पत्राचारद्वारा पठाइनेछ। यो इमेल पनि गर्न सकिन्छ।
    - 10/19/2020 सम्म, आह्वान र उजुरीमा परीक्षण मिति सूचीबद्ध हुनेछैन र यसको सट्टामा क्लर्कको कार्यालयले पक्षहरूलाई अदालतको पहिलो कार्यक्रम हुने मिति र त्यसका विवरणहरू पत्राचार गर्नेछ, जुन स्थिति/मामिला व्यवस्थापन सम्मेलन हुनेछ। अदातलबाट प्राप्त गरिएका सबै सूचनाहरू ध्यानपूर्वक पढ्नुहोस्।

- ✓ **बहालवालालाई जवाफ र अन्य कागजातहरू दायर गर्ने अधिकार छ।**

- बहालवालाले अदालतमा दायर गर्न सक्नुहुन्छ र घरधनी (वा घरधनीको अधिवक्ता) लाई अदालतद्वारा निर्धारित गरिएको मितिभित्र जवाफ दिन सक्नुहुन्छ। अदातलबाट प्राप्त गरिएका सबै सूचनाहरू ध्यानपूर्वक पढ्नुहोस्।
- जवाफले धारण, कुनै पनि बाँकी भाडा र कुनै पनि लिजसम्बन्धी उल्लङ्घनको लागि घरधनीको दाबीमा बहालवालाको कुनै पनि प्रतिवाद वा प्रतिदाबी बारे व्याख्या गर्छ। प्रतिदाबीहरू भनेका खराब अवस्थाहरू वा सुरक्षा धरौटीको गलत उपयोग जस्ता कुराहरूको लागि घरधनीको विरूद्धमा बहालवालाद्वारा गरिएका दाबीहरू हुन्।
- बहालवालासँग अदालतमा उजुरी दायर गरेको मिति पछिको सोमबारसम्म (वा अदालतद्वारा निर्धारित गरिएको पछिको मितिमा) दायर गर्ने र आविष्कार अनुरोधहरू (घरधनीबाट मामिलाको बारेमा प्राप्त गरिएको जानकारीको लागि अनुरोधहरू) गर्ने र अदालतद्वारा निर्धारित गरिएको जवाफको अन्तिम मितिसम्म निर्णायक समिति परीक्षणको लागि माग गर्ने अधिकार हुन्छ।

**यी फारामहरू बारे थप जानकारीका लागि,** masslegalhelp.org वा gbls.org/MADE मा हेर्नुहोस्। **बहालवालाहरूले जवाफ र अन्य कागजातहरू भर्नको लागि जति सक्दो छिटो कानूनी सहायता लिनुपर्छ।**

## स्थानान्तर गर्ने

✓ **बहालवालाहरूसँग Somerville जिल्ला अदालतमा दायर गरिएका मामिलाहरू इस्टर्न हाउजिङ अदालतमा स्थानान्तर गर्ने अधिकार हुन्छ।**

- बहालवालाहरूले आफ्नो निष्कासन मामिला स्थानान्तर गर्ने नगर्ने बारेमा वकीलसँग कुरा गर्नुपर्छ। कसरी मामिला स्थानान्तर गर्ने सम्बन्धी जानकारीको लागि, masslegalhelp.org मा हेर्नुहोस्।

## स्थिति/मामिला व्यवस्थापन सम्मेलन

✓ **क्लर्कको कार्यालयले सबै पक्षहरूलाई Zoom द्वारा वा फोनमा आयोजित गरिने स्थिति/मामिला व्यवस्थापन सम्मेलन हुने मिति र समय बारे जानकारी गराउनेछ।**

- तपाईं फोन वा Zoom द्वारा सहभागी हुन सक्षम हुनुहुन्न वा नि:शुल्क, अदालतद्वारा उपलब्ध गराइने दोभाषे आवश्यक पर्छ भने, तुरुन्तै क्लर्कको कार्यालयमा सम्पर्क गर्नुहोस्।
- सम्मेलनमा, निकायहरूलाई भाडासम्बन्धी सहायता र मध्यस्थताको लागि सिफारिसहरू उपलब्ध गराउन सकिन्छ (र हाउजिङ अदालतमा, बहालवाला र घरधनीहरूलाई निजी वकीलबिना सीमित सहायता उपलब्ध गराउनका लागि दिवा कार्यक्रममा मध्यस्थकर्ता उपलब्ध हुनुहुनेछ र वकील उपलब्ध हुन सक्नुहुन्छ)।
- दिनको लागि मध्यस्थकर्ता र/वा वकीलको सहायतामा वा आफ्नै सहायतामा, पक्षहरूले मामिला सुल्झाउनको लागि अदालती सम्झौतामा हस्ताक्षर गर्न सक्नुहुन्छ। सम्झौतालाई रद्द गर्न लगभग असम्भव हुने हुँदा बहालवालाले सम्झौता बुझेको र यसलाई पछ्याउन सक्ने कुरामा अत्यन्तै सावधान रहनुपर्छ।
- सम्मेलनको समयमा वा त्यसपछि, अदालतले पक्षहरूलाई अर्को कार्यक्रम हुने मिति र त्यसको उद्देश्य र कुनै पनि अन्तिम मिति बारे जानकारी गराउनेछ, जुन एक परीक्षण हुन सक्छ।

## परीक्षण र निर्णय

- ✓ **दुवै पक्ष परीक्षणमा उपस्थित हुनुपर्छ**
  - स्थिति/मामिला व्यवस्थापन सम्मेलनमा वा अन्यथा समस्या समाधान भएन भने, एउटा परीक्षण हुनेछ र न्यायाधीश (वा निर्णायक समिति) ले घरधनीको दाबीहरू (धारण र कुनै पनि भाडाको विषयमा) र बहालवालाको प्रतिवादहरू (र मुद्दा उठाइएको भएमा, प्रतिदाबीहरू) मा निर्णय सुनाउनुहुनेछ। धेरैजसो अवस्थाहरूमा, न्यायाधीधभन्दा अगाडिको परीक्षण Zoom वा फोनद्वारा आयोजित गरिनेछ (स्थिति/मामिला व्यवस्थापन सम्मेलन भएको कम्तीमा 14 दिनपछि) र निर्यायण समिति परीक्षण प्रत्यक्ष रूपमा आयोजित गरिनेछ (धेरै पछिको मितिमा)।
  - बहालवाला समयमै परीक्षणमा संलग्न नभएमा, बहालवाला पूर्वनिर्धारित अवस्थामा फर्कनुहुन्छ र स्वचालित रूपमा धारण गर्ने अधिकार गुमाउनुहुन्छ। बहालवालाले पूर्वनिर्धारण हटाउने निवेदन दायर गर्न सक्नुहुन्छ र तुरून्तै यस प्रक्रियाको बारेमा वकीलसँग परामर्श लिनुपर्छ।
- ✓ **अपार्टमेन्ट र कुनै पनि बाँकी पैसा कसले धारण गर्ने भन्नेबारे निर्णय सम्झौतामार्फत, परीक्षणपछि न्यायाधीश वा निर्णायकद्वारा वा यदि उक्त पक्ष अदालमा नआएको खण्डमा स्वचालित रूपमा अदालतद्वारा गरिन्छ।**

- ✓ घरधनीले अपोइन्टमेन्ट "धारण" गर्ने अधिकार प्राप्त गर्नुहुन्छ भने, बहालवालासँग अपील (परीक्षण गरिन्छ भने) वा अन्य निवेदनहरू दायर

## अपील गर्ने

गर्न दश दिनको समय हुन्छ।

## लेभी/भौतिक निष्कासनको सूचना

- ✓ COVID-19 को आकसम्मिक अवस्थाको अवधिमा, भौतिक निष्कासनलाई **निष्कासन प्रवर्तनमा Somerville प्रतिबन्ध**द्वारा निषेधित गरिएको छ, जुन थप सूचना नआएसम्म प्रभावकारी रहन्छ।
- ✓ Somerville निवासीहरूले Somerville को आकस्मिक आदेशको उल्लङ्घनमा भौतिक निष्कासनको सूचना प्राप्त गर्दछन् भने उनीहरूले सुझावका लागि तुरून्तै वकीललाई सम्पर्क गर्नुपर्छ।
- ✓ साथै, **संघीय निष्कासन प्रतिबन्ध** (CDC आदेश) ले डिसेम्बर 31, 2020 सम्ममा समेटिएका मानिसहरूको भौतिक निष्कासनलाई निषेधित गर्छ। समेट्नको लागि, बहालवालाले निश्चित शर्तहरू पूरा गर्नुपर्छ र जतिसक्दो छिटो आफ्नो घरधनीलाई हस्ताक्षर गरिएको **घोषणापत्र** पठाउनुपर्छ। **घोषणापत्र**बारे थप जानकारी र यसको प्रतिलिपिको लागि somervillema.gov/ohs मा जानुहोस्
- ✓ यी हाउजिङ सुरक्षाहरू लागू हुँदा र तिनीहरू समाप्त भएपछि, बहालवालाहरूले आफ्नो भाडा बुझाउन जारी राख्न महत्त्वपूर्ण हुन्छ। भाडा सहायतामा मद्दत गर्नका लागि, निकायहरूको संलग्नता सूची हेर्नुहोस्।
- ✓ हालै लागू भएका COVID-19 सम्बन्धी सुरक्षाहरू दिनुअघि, घरधनीले "धारण" गर्ने अधिकार प्राप्त गर्नुहुन्छ भने र कुनै अपी नगरिएको खण्डमा, अदालतले कार्यान्वयन गर्ने कार्य जारी राख्न सक्छ, जुन चौकिदार/शेरिफलाई 48-घण्टाको लिखित सूचना आएपछि शारीरिक रूपमा निकाल्नका लागि अनुमति दिने कानूनी कागजात हो।
- ✓ नीतिहरू द्रुत रूपमा परिवर्तन हुन सक्छन्। अद्यावधिक रहन महत्त्वपूर्ण हुन्छ; विस्तृत जानकारिको लागि पृष्ठ 1 हेर्नुहोस्।